मितिः- २०८१/१२/२५

नेपालको संविधानको धारा २२२ को उपधारा (१) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ मा भएको व्यवस्था बमोजिम रामप्रसादराई गाँउपालिका अध्यक्ष श्री थाम बहादुर राईज्यूको अध्यक्षता तथा देहाय बमोजिमको गाउँ सभा सदस्यज्यूहरुको उपस्थितिमा रामप्रसादराई गाउँपालिकाको गाउँ सभाको १६ औं अधिवेशन संचालन गरियो।

| क्र. स. | नाम / थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | थाम बहादुर राई | अध्यक्ष | रामप्रसादराई १, भोजपुर | |
| २ | वीरेन्द्र राई | उपाध्यक्ष | ऐ वडा नं. ५ | |
| ३ | जोगेन्द्र राई | सदस्य | ऐ वडा नं. १ | |
| ४ | राज कुमार तामाङ्ग | सदस्य | ऐ वडा नं. २ | |
| ५ | रामु थापा मगर | सदस्य | ऐ वडा नं. ३ | |
| ६ | बाबु कुमार राई | सदस्य | ऐ वडा नं. ४ | |
| ७ | जगत बहादुर चौहान | सदस्य | ऐ वडा नं. ५ | |
| ८ | एकराज आचार्य | सदस्य | ऐ वडा नं. ६ | |
| ९ | मनकाजी राई | सदस्य | ऐ वडा नं. ७ | |
| १० | बाचकुमार राई | सदस्य | ऐ वडा नं. ८ | |
| ११ | अजम राई | सदस्य | ऐ वडा नं. १ | अजमराई |
| १२ | सविना तामाङ | सदस्य | ऐ वडा नं. ४ | |
| १३ | विना विश्वकर्मा | सदस्य | ऐ वडा नं. ३ | |
| १४ | प्रतिमा राई | सदस्य | ऐ वडा नं. ५ | प्रतिमा |
| १५ | मिलन वि. क. | सदस्य | ऐ वडा नं. ६ | |
| १६ | अशोक कुमार खवास | सदस्य | ऐ वडा नं. ४ | |
| १७ | जुना बानिया दर्जी | सदस्य | ऐ वडा नं. १ | |
| १८ | धनिराज राई | सदस्य | ऐ वडा नं. १ | |
| १९ | विजेन्द्र तामाङ्ग | सदस्य | ऐ वडा नं. १ | |

| | | | | |
|---|---|---|---|---|
| २० | प्रभा राई तामाङ | सदस्य | ऐ वडा नं. २ | |
| २१ | विष्णा दर्जी | सदस्य | ऐ वडा नं. २ | |
| २२ | जीवन जर्गा मगर | सदस्य | ऐ वडा नं. २ | |
| २३ | सुन्दर कुमार राई | सदस्य | ऐ वडा नं. २ | |
| २४ | विजया राई | सदस्य | ऐ वडा नं. ३ | |
| २५ | टेकराज भट्टराई | सदस्य | ऐ वडा नं. ३ | |
| २६ | योगराज मगर | सदस्य | ऐ वडा नं. ३ | |
| २७ | हेमादेवि सार्की | सदस्य | ऐ वडा नं. ४ | |
| २८ | महेन्द्र बहादुर कार्की | सदस्य | ऐ वडा नं. ४ | |
| २९ | एकराज भुजेल | सदस्य | ऐ वडा नं. ४ | |
| ३० | कल्पंना विश्वकर्मा | सदस्य | ऐ वडा नं. ५ | |
| ३१ | दुर्गा बहादुर मगर | सदस्य | ऐ वडा नं. ५ | |
| ३२ | हंश बहादुर पाण्डे | सदस्य | ऐ वडा नं. ५ | |
| ३३ | सावित्रा राई | सदस्य | ऐ वडा नं. ६ | सावित्रा |
| ३४ | जानुका सुयल | सदस्य | ऐ वडा नं. ६ | |
| ३५ | जयन्द्र कुमार राई | सदस्य | ऐ वडा नं. ६ | |
| ३६ | जुना राई | सदस्य | ऐ वडा नं. ७ | |
| ३७ | रन्जीता सार्की | सदस्य | ऐ वडा नं. ७ | |
| ३८ | दिनेश राई | सदस्य | ऐ वडा नं. ७ | |
| ३९ | शुक्र बहादुर राई | सदस्य | ऐ वडा नं. ७ | |
| ४० | निर्मला राई | सदस्य | ऐ वडा नं. ८ | |
| ४१ | तिर्थदेवि कामी | सदस्य | ऐ वडा नं. ८ | तिर्थ देवी कामी |
| ४२ | बिकाश राई | सदस्य | ऐ वडा नं. ८ | |
| ४३ | देव कुमार राई | सदस्य | ऐ वडा नं. ८ | |
| ४४ | नबिना गिरी | सदस्य सचिव | | |

१) **विषयगत समितिको प्रतिवेदन सम्बन्धमा।**

विषयगत समितिबाट गरिएको कार्यहरुको प्रगति प्रतिवेदन सभामा पेश गरिएको र उक्त प्रतिवेदन उपर छलफल गरी प्राप्त सुझाव कार्यान्वयन गरिने प्रतिबद्धता सहित सभाबाट स्वीकृत गरियो।

२) **चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा सम्बन्धमा।**

आ.व. ०८१/०८२ मा गाउँपालिकाले क्षेत्रगत रुपमा विनियोजित बजेटबाट कार्यक्रम संचालन भईरहेको, संझौता भई संचालन भइरहेका योजनाहरुको निर्माण कार्य निरन्तर भइरहेको, समपूरक अनुदानको कार्यक्रममा ठेक्का आह्वान गरिसकेको, भारी वर्षाको कारण आएको विनासकारी बाढी पहिरोका कारण क्षति पुगेका सडकको मर्मत संभार गरी सबै वडामा नियमित यातायातको साधन संचालन भइरहेको, टाढा टाढा रहेका वडाहरुको लागि योजना/कार्यक्रमको संझौता सम्बन्धित वडा कार्यालयमा पुगेर संझौता शिविर मार्फत संचालन गरिएको, नेपाल जलवायु नमुना कार्यक्रम अन्तरगत संचालित कार्यक्रमहरु लगायत लाभग्राही समुदायबाट संचालन हुने कार्यक्रमको संचालन प्रक्रियाको विषयमा सरोकार पक्षसंग बसेर अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम गर्दै अगाडि बढीरहदा हालसम्म ९० प्रतिशत भन्दा माथि योजना/कार्यक्रमको संझौता भइसकेको तर पालिकाबाट कुनैपनि योजना/कार्यक्रममा पेश्की निकासा नहुने भएकोले हाल वित्तिय प्रगतिमा केही कमजोर देखिएता पनि अबका दिनमा सबै सरोकारपक्ष कार्यान्वयनको लागि एक ढिक्का भएर लाग्नु पर्ने प्रतिबद्धताका साथ तेस्रो त्रैमासिकसम्मको समीक्षा गर्दै हालसम्म देहाय अनुसारको प्रगति रहेको र आषाढ १५ सम्ममा लक्ष्यअनुरुपको कार्य प्रगति गर्ने गराउने निर्णय गरियो।

तपसिल:-

गाउँपालिका तर्फ:-

| | |
|---|---|
| क) आर्थिक विकास | १६ प्रतिशत |
| ख) सामाजिक विकास | ५३ प्रतिशत |
| ग) पूर्वाधार विकास | २० प्रतिशत |
| घ) सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १५ प्रतिशत |
| ङ) कार्यालय संचालन तथा प्रशासनिक | ४७ प्रतिशत |

वडाकार्यालय तर्फ:-

| | |
|---|---|
| क) वडा नं. १ - | १७ प्रतिशत |
| ख) वडा नं. २ - | ८३ प्रतिशत |
| ग) वडा नं. ३ - | ६२ प्रतिशत |
| घ) वडा नं. ४ - | २४ प्रतिशत |
| ङ) वडा नं. ५ - | ३६ प्रतिशत |
| च) वडा नं. ६- | ४८ प्रतिशत |
| छ) वडा नं. ७- | १ प्रतिशत |
| ज) वडा नं. ८- | १४ प्रतिशत |

समग्रमा:-

पुँजीगत- १७ प्रतिशत

चालु- ५१ प्रतिश

**३) कार्यपालिकाको हालसम्मको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।**

चालु आ.व. मा कार्यपालिकाको १२ औं बैठकसम्म भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**४) निर्माण कार्यको लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी तथा बालुवाको सम्बन्धमा।**

यस सम्बन्धमा छलफल गर्दा यस कार्यालयबाट चालु आ.व. मा ठेक्का लागेको पिखुवा-बेहेरे दोभान बेहेरे खोलाको दुबै किनाराबाट खोला जन्य पदार्थ उत्खनन् संकलन र बिक्रीको लागि खुलाइएको ठेक्का श्री सिद्धकाली स्याण्ड वासिङ प्रा.लि. भोजपुरलाई परेको हुँदा महालेखा कार्यालयले दिइएको सुझावका आधारमा हाम्रो पालिका भित्रका भौतिक पूर्वाधारजन्य आयोजनाहरुले सोही प्रा.लि. संग निर्माण कार्यको लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी तथा बालुवा खरिद गरी निर्माण सामाग्रीको व्यवस्थापन गर्ने गराउने, अन्यत्र स्थानबाट सामाग्रीको व्यवस्थापन भएको खण्डमा सम्बन्धित सरोकारपक्षले नियमानुसार कर तिर्नु पर्ने निर्णय गरियो।

**५) बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा।**

गाउँ सभाको १६ औं अधिवेशनबाट पारित गरिएका आयोजना तथा कार्यक्रम मध्ये अनुसूची १ मा उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रमलाई २०८२ बैशाख १५ भित्रमा संशोधित सबै कार्यक्रम कार्यान्वयन गर्नको लागि संझौता प्रक्रिया सम्पन्न गर्ने गराउने प्रतिबद्धताका साथ संशोधित कार्यक्रम सभाबाट पारित गर्ने निर्णय गरियो।